आज मिति २०७९ साल कार्तिक ०३ गते विहिबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को आठौं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री अर्जुन मेहता - का.वा. वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर (प्रशासन शाखा) -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।

२. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको बजेट संसोधन सम्बन्धमा ।

३. चट्याङ लागि मृत्यु भएको परिवारलाई आर्थिक सहयोग सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. वडा नं.१ देखि ७ सम्म कृषि सिचाईको लागि विद्युतिकरण आयोजना सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/०६/३० गते बसेको आ.व. २०७९/०८० को सातौं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्बत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा उद्यम विकास समितिको मिति २०७९/०५/०२ गतेको बैठमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची ३ को दफा ११ अनुसार बजेट बाँडफाँड नभएको हुँदा मिति २०७९/०६/११ गतेको सोही समितिले उक्त कार्यक्रम सञ्चालन निर्देशिका अनुसारनै बाँडफाँड गरिने भनि निर्णय गरिएको हुँदा उक्त निर्णयलाई सर्वसम्बत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. १ मा बस्ने भोग नारायण यादवको श्रीमति, राजकुमार यादवको आमा श्री रीता देवी यादवको मिति २०७९/०६/१२ गतेका दिन चट्याङ लागि मृत्यु भएको हुँदा निजको परिवारलाई रु.१,००,०००/- (एक लाख रुपैया मात्र) आर्थिक सहयोग दिने सर्वसम्बत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा विभिन्न मन्दिर, समुह तथा समुदायबाट धार्मिक, सांस्कृतिक कार्यक्रमको लागि आर्थिक सहायता माग गरी निवेदन आएको हुँदा बजेट खर्च शिर्षक धार्मिक तथा सांस्कृतिक संस्थाहरुलाई सहायता शिर्षकबाट खर्च लेख्नेगरी तपसिल बमोजिम आर्थिक सहायता वितरण गर्ने सर्वसम्बत निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | निवेदक | स्वीकृत रकम रु. |
|---|---|---|---|---|
| १ | काली पूजा | देवानगञ्ज २ | सरोज कुमार भगत | १ लाख २५ हजार |
| २ | दुर्गा मेला पूजा समिति | देवानगञ्ज १ | सुर्य नारायण मेहता | १ लाख |
| ३ | श्री दुर्गा व्यवस्थापन समिति | देवानगञ्ज २ | किसनदेव मेहता | १ लाख |
| ४ | दुर्गा भगवती मन्दिर | देवानगञ्ज ७ | रन्जित कुमार यादव | १ लाख २५ हजार |

| | | | | |
|---|---|---|---|---|
| ५ | नव दुर्गा भवनी मन्दिर | देवानगञ्ज ४ | सिताराम मेहता | १ लाख ५० हजार |
| ६ | श्री १०८ दुर्गा काली पुजा समिति | देवानगञ्ज ५ | विमल कुमार यादव | ५० हजार |
| ७ | अन्य निवेदकहरुलाई गाउँपालिका अध्यक्षको तोक आदेश बमोजिम बढिमा रु.२५ हजार सम्म दिने । | | | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.१ देखि ७ सम्म कृषि सिचाईको लागि विद्युतिकरण आयोजना अन्तर्गत विद्युत प्राधिकरण बाट ५० प्रतिशत साझेदारीमा चालु आ.व.मा, १० करोडको काम गर्ने प्रस्ताव भएकोले तपसिल बमोजिमका बजेट शिर्षक कटौति गरी वडा १ देखि ७ सम्म कृषि सिचाईको लागि विद्युतिकरण शिर्षकमा विनियोजन गर्ने सर्वसम्बत निर्णय गरियो ।

| क्र.सं. | बजेट सि.नं. | योजनाको नाम | रकम (रु.) |
|---|---|---|---|
| १ | १६ | चमेनिया पोखरी स्तरोन्नती कार्य निर्माण कार्य | ५० लाख |
| २ | २५ | मरिक लोचनको घर देखि महेन्द्र साह घर सम्म बाटो आर सि सि ढलान निर्माण कार्य वडा नं.५ | १५ लाख |
| ३ | ३६ | सम्पुरक कोष म्यचिग फोंड | १० लाख |
| ४ | ६३ | मोतिटप्पु जाने बाटो कालो पत्रे कार्य वडा नं.३ | ४० लाख |
| ५ | ७२ | वडा नं. १ घोषला आ.वि.कम्पाउण्ड वाल निर्माण तथा मर्मत कार्य | १५ लाख |
| ६ | ७३ | वडा नं.४ मा सित भवन निर्माण कार्य क्रमागत योजना | ८५ लाख |
| ७ | ९५ | ट्रान्सफरमर खरिद तथा जडान कार्य गापा र आधारभुत अस्पतालका लागि | १५ लाख |
| ८ | ९७ | गार्ड रुम, क्यान्टिन, भवन निर्माण गा.पा. भवन परिसर निर्माण कार्य क्रमागत | ४० लाख |
| ९ | १०५ | विभिन्न विद्यालयमा भौतिक सुधारको लागि फर्निचर खरिद गर्ने कार्य | २० लाख |
| १० | ५९ (गा.पा.) | गा.पा. बाट संचालित बिमा | ४० लाख |
| ११ | २ (पशु तर्फको) | पशु तथा कृषि भवन निर्माण | ४० लाख |